# नेपाल आयल निगम लिमिटेडको

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको दरखास्त आह्वान सम्बन्धी विज्ञापन

**सूचना नम्बर : १०/२०८२-८३**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८२।०५।०६)**

यस निगममा रिक्त रहेका देहाय बमोजिमका पदहरू आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने भएको हुँदा निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को परिच्छेद ४ को विनियम ४.२ को उपविनियम (१) र परिच्छेद ६ को विनियम ६.१ बमोजिम **२०८२ आषाढ मसान्त सम्म**मा न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका, पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीहरूको सेवा अवधिको हकमा उपरोक्त सेवा अवधिभन्दा एक वर्ष कम सेवा अवधि पूरा गरेका) तथा सोही विनियमावलीको परिच्छेद ६ को विनियम ६.२ को उपविनियम (१) बमोजिमको अवस्था नभएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र https://hr.nepaloil.org.np/selfservice/vacancies मा गई online मार्फत दरखास्त फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नम्वर | पद/तह | सेवा/समूह | माग पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | २४/२०८२-८३ | निर्देशक/तह १० | -/- | १ |
| २. | २५/२०८२-८३ | उपनिर्देशक (लेखा)/तह ९ | अप्राविधिक/लेखा | १ |
| ३. | २६/२०८२-८३ | उपनिर्देशक (जनरल)/तह ९ | प्राविधिक/इन्जिनियरिङ | १ |
| ४. | २७/२०८२-८३ | प्रवन्धक (प्रशासन)/तह ८ | अप्राविधिक/प्रशासन | २ |
| ५. | २८/२०८२-८३ | प्रवन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | १ |
| ६. | २९/२०८२-८३ | प्रवन्धक (सिभिल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | १ |
| ७. | ३०/२०८२-८३ | उपप्रवन्धक (प्रशासन)/तह ७ | अप्राविधिक/प्रशासन | १ |
| ८. | ३१/२०८२-८३ | उपप्रवन्धक (सिभिल)/तह ७ | प्राविधिक/इन्जिनियरिङ | १ |
| ९. | ३२/२०८२-८३ | सहायक प्रवन्धक (प्रशासन)/तह ६ | अप्राविधिक/प्रशासन | १ |
| १०. | ३३/२०८२-८३ | वरिष्ठ सहायक (कम्प्युटर/आइ.टि.)/तह ५ | प्राविधिक/विविध | १ |
| ११. | ३४/२०८२-८३ | वरिष्ठ सहायक (ल्याब)/तह ५ | प्राविधिक/ल्याब | १ |

**नोट:**

१. उम्मेदवारले दरखास्तसाथ आफूले प्राप्त गरेको ज्येष्ठता, भौगोलिक क्षेत्रको अनुभव तथा तालिम सहितको व्यक्तिगत विवरण तथा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

२. आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका तथा पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका उम्मेदवारहरूले नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ को उपविनियम ९ मा उल्लेख भएका तत् तत् समूह सम्बन्धी कागजातहरूको प्रमाण सम्बन्धित निकायबाट प्राप्त गरी दरखास्तसाथ पेश गर्नुपर्नेछ। साथै, समावेशीतर्फ विनियमावलीको विनियम ६.१ को उपविनियम (३) अनुसार नियुक्ति वा बढुवा हुँदा निगमको नोकरी सेवा अवधिभरीमा एक पटक मात्र उपयोग गर्न पाउने व्यवस्था अनुसार त्यस्तो कुनै समावेशीको सुविधा उपभोग गरिसकेको भए दरखास्तसाथ सो समेत उल्लेख गर्नुपर्नेछ, अन्यथा दरखास्त रद्द हुनेछ।

३. तोकिएको अवधिभित्र दरखास्त पेश नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रूपमा समावेश गरिनेछैन।

४. आन्तरिक प्रतियोगितात्मक परीक्षाका लागि दरखास्त पेश गर्ने उम्मेदवारहरूको हकमा परीक्षा दस्तुर : तह १० र ९ का लागि रु.१,२००।-, तह ८, ७ र ६ का लागि रु.१,०००।-, तह ५ का लागि रु.४००।- रहेको छ।

५. **सबै पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट लिइनेछ।** लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट प्राप्त भए पश्चात् प्रकाशन गरिनेछ।

६. पाठ्यक्रम निगमको वेबसाइट www.noc.org.np बाट हेर्न सकिनेछ।

७. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण निगमको उक्त वेबसाइटमा राखिएको छ। यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि फोन नं. ९८०२२६६००८ मा सम्पर्क गर्न सकिनेछ।

पदपूर्ति समिति

नेपाल आयल निगम लिमिटेड